# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.प.)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३
च.नं.: 1683

मिति : २०८३/०१/०३

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (ब.सु.प.) गण्डकी प्रदेश, नेपाल २०७३

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

**तपसिल :**

मिति : २०८३/०१/०४ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ७:३० बजे

..............................
(राकेश कुमार चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 985704626



CamScanner

## मिति २०८३/०१/०४ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. विविध विषयका सम्बन्धमा ।

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८३/०१/०४ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझा ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री राकेश कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत |
| अन्य उपस्थिति | | | |
| | | श्री मिलन श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| | | श्री मनोज कोइराला | बौदीकाली गाउँपालिका अध्यक्षको सचिवालय |

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८३/०१/०४ गतेको आ.व. २०८२/०८३ को बाह्रौं बैठकका निर्णयहरु :

निर्णय नं.१ :

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निर्णय नं. २ :

प्रस्ताव नं. २ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- बौदीकाली गाउँपालिका वडा नं. २, डेढगाउँ, समावेशी टोल निवासी वर्ष ६६ को हुम्बहादुर श्रेष्ठको बौदीकाली गाउँपालिका, पशुपन्छी विकास शाखामा कार्यरत कर्मचारीद्वारा बाख्रा पाठा बन्ध्याकरण गर्ने क्रममा ३ वटा बाख्रा पाठाको सफल भएको र १ वटा करिब ३ धार्नीको पाठा बन्ध्याकरण गर्ने क्रममा मृत्यु भएको र क्षतिपूर्तिको लागि निवेदन प्राप्त भएकोले रु. ३,५००/- (तिन हजार पाँच सय रुपैया) नबढ्ने गरी "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम यस गाउँपालिकाबाट कार्यान्वयन हुँदै आएको बौदीकाली गाउँपालिकाको एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ लाई समयसापेक्ष, व्यावहारिक तथा प्रभावकारी बनाउन आवश्यक देखिएकोले उक्त कार्यविधिको केहि अनुसूची संशोधन गरी बौदीकाली गाउँपालिकाको एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३ पारित गर्ने र राजपत्रमा प्रकाशन सहित सार्वजनिकीकरण गर्ने निर्णय गरियो ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम यस गाउँपालिकाबाट कार्यान्वयन हुँदै आएको बौदीकाली गाउँपालिकाको पशुपन्छी सम्बन्धी एकीकृत कार्यक्रम संचालन कार्यविधि, २०८१ लाई समयसापेक्ष, व्यावहारिक तथा प्रभावकारी बनाउन आवश्यक देखिएकोले उक्त कार्यविधिको केहि दफा, उपदफा, अनुसूची संशोधन गरी बौदीकाली गाउँपालिकाको पशुपन्छी सम्बन्धी एकीकृत कार्यक्रम संचालन (पहिलो संशोधन) कार्यविधि, २०८३ पारित गर्ने र राजपत्रमा प्रकाशन सहित सार्वजनिकीकरण गर्ने निर्णय गरियो ।
- यस गाउँपालिका क्षेत्रभित्र रहेका वन क्षेत्रबाट खयर लगायत बहुमुल्य वनजन्य पदार्थहरुको चोरी निकासी तथा अवैध ओसारपसार बढ्दै गएको सम्बन्धमा विभिन्न निकाय तथा स्थानीय सरोकारवालाहरुबाट गुनासो प्राप्त भएकोले चोरी निकासी नियन्त्रण तथा नियमित अनुगमनका

CamScanner

लागि यसै जिल्लास्थित जिल्ला प्रशासन कार्यालय, जिल्ला वन कार्यालय लगायत अन्य कार्यालयहरुमा नियमनका लागि जानकारी गराउने निर्णय गरियो ।

- यस गाउँपालिका क्षेत्रभित्रका सडकहरुको नियमित सरसफाई, नाली व्यवस्थापन, वातावरण संरक्षण तथा सुरक्षित आवागमनलाई थप प्रभावकारी बनाउन सडक क्षेत्राधिकार भित्र रहेका झाडी, रुख हटाउन प्रत्येक वडामा रहेका टोल संयोजकहरुलाई परिचालन गर्ने साथै सम्बन्धित व्यक्तिहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।
- नेपाल सरकार (मन्त्रिपरिषद्) बाट शैक्षिक सत्र २०८३ वैशाख १५ गतेबाट संचालन गर्ने गरी निर्णय भएको, शिक्षा तथा मानवस्रोत विकास केन्द्रको मिति २०८२/१२/२६ च.नं. ६७ को पत्रबाट २०८३ वैशाख १५ गतेदेखि विद्यार्थी भर्ना अभियान संचालन गरी वैशाख २१ गते बाट नियमित पठनपाठन सुरु गर्ने गरी सबै स्थानीय तह तथा विद्यालयहरुलाई परिपत्र भएतापनि विद्यार्थी तथा अभिवाभावकहरुको चासो, विद्यालय शिक्षाका प्रमुख सरोकारवालाबाट औपचारिक तथा अनौपचारिक रुपमा प्राप्त राय, सुझाव, माग तथा गुनासो समेतको आधारमा शैक्षिक वर्ष २०८३ को भर्ना कार्यक्रम २०८३/०१/०७ गतेबाट र अन्य सम्पूर्ण शैक्षिक गतिविधि (शैक्षिक सत्र) २०८३/०१/१० गतेबाट संचालन गर्ने निर्णय गरियो ।
- मिति २०८२/०६/३१ गतेको गाउँकार्यपालिकाको निर्णय (सार्वजनिक निकायको पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने निर्णय गरियो) भएतापनि स्थानीय सरकार संचालन ऐन, २०७४, प्रचलित आर्थिक ऐन, सार्वजनिक खर्च मितव्ययिता सम्वन्धी मापदण्ड तथा गण्डकी प्रदेश सरकारबाट जारी बैठक भत्ता सम्बन्धी प्रचलित व्यवस्थालाई आधार मानी गाउँकार्यपालिकाको बैठकमा सहभागी पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानुन बमोजिम कार्यपालिका बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।
- मिति २०८२ साल मङ्सिर ३ गते बौदीकाली गाउँपालिका वडा नं. ४, रुचाङ्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने क्रममा सामाजिक सुरक्षा भत्ता बुझ्न आएका सामाजिक सुरक्षा लाभग्राही खेम बहादुर राना मगरको वडा कार्यालय परिसरमा मृत्यु भएको हुँदा निज मृतकका श्रीमतीहरुलाई मानव सेवा/वृद्ध आश्रममा आश्रयको लागि सिफारिस गर्ने निर्णय गरियो । साथै उक्त व्यवस्थापनको लागि आवश्यक रकम एक (१) पटकका लागि मात्र "अन्य संघसंस्था सहायता" शिर्षकबाट सम्बन्धित संस्थाको बैंक खातामा रकम दाखिला गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँ विपद समितिको विभिन्न मिति र समयमा बसेको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं (स्थानीय समन्वय शाखा) को प.सं. २०८२/०८३ च.नं. ३४९ मिति २०८२/१२/२४ गतेको पत्र प्राप्त भई

CamScanner

व्यहोरा अवगत भयो । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरु अन्तर्गत बुँदा नं. ५ र बुँदा नं. ९२ मा भएका विषयहरु उपर छलफल गरियो ।

- बुँदा नं. ५ को विषय (दलित तथा ऐतिहासिक रुपमा बहिष्कृत समुदाय माथि राज्य, समाज र नीतिगत संरचनाबाट भएका अन्याय, विभेद र अवसरको औपचारिक स्वीकारोक्ति गर्दै सामाजिक न्याय समावेशी पुनर्स्थापना र ऐतिहासिक मेलमिलापको आधार तयार गर्न १५ दिनभित्र राज्यका तर्फबाट औपचारिक क्षमयाचनासहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने ।) कार्यान्वयन गर्नका लागि आगामी आर्थिक वर्षमा आवश्यक बजेट तथा कार्यक्रम व्यवस्था गर्ने निर्णय गरियो ।
- बुँदा नं. ९२ को विषय (सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने नयाँ अतिक्रमणमा कडाईका साथ रोक लगाउने र अवैध कब्जा हटाउने विशेष अभियान संचालन गर्ने । नेपाल बाल संगठन सम्बन्धी उच्चस्तरीय जांचबुझ आयोग (हरिबाबु आयोग) बमोजिम बाल संगठनको जग्गा अतिक्रमण तथा हिनामिना सम्बन्धी अनुसन्धान १५ दिनभित्र सुरु गर्ने) उपर छलफल गरी आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका वडा नं. ५, बबकको प.सं. ०८२/०८३ च.नं. २२७ मिति २०८२/१०/११ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र अनुसार बौदीकाली-५, बबक निवासी काली अस्लामीको श्रीमान वर्ष ५० का सोमान सिं अस्लामी मगरको मौलाकालिका अस्पताल प्रा.लि. मा टाउकोको शल्यक्रिया भएको हुँदा उपचार खर्च धेरै नै भएको र घरको आर्थिक अवस्था अत्यन्तै न्यून भएको, आम्दानीको अन्य स्रोत केहि पनि नभएको कारण औषधी उपचार गर्न आर्थिक समस्या भएको भनी निवेदन प्राप्त भएकोले रु. १५,०००/- (पन्ध्र हजार रुपैया) नबढ्ने गरी "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।